अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ , संख्याः १२, गोरखा, कात्तिक २ गते २०८२ साल

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले गह्रा सुधार कार्यक्रम कार्यविधि-२०८२ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# गह्रा सुधार कार्यक्रम कार्यविधि - २०८२

# अजिरकोट गाउँपालिका

# गह्रा सुधार कार्यक्रम कार्यविधि - २०८२

अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८२

# गह्रा सुधार कार्यक्रम कार्यविधि - २०८२

प्रस्तावना : भूमिको बढ्दो खण्डिकरण एबम जग्गा बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरि कृषिमा आधुनिक प्रविधिको प्रयोग सहज र लागत कम गरि उत्पादन र उत्पादकत्व वृद्दी गर्नका लागि अजिरकोट गाउँपालिकाले "गह्रा सुधार कार्यक्रम कार्यविधि - २०८२" जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. सन्क्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम "गह्रा सुधार कार्यक्रम कार्यविधि - २०८२" रहेको छ ।

२) यो कार्यविधि अजिरकोट गाउँपालिका, गाउँपालिकाको कार्यालयले पारित गरेको मिति देखि लागु हुनेछ ।

३) यो कार्यविधि अजिरकोट गाउँपालिका भर लागु हुनेछ।

## परिच्छेद २

## परिभाषा

**२. परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

२) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

३) "शाखा प्रमुख" भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका सम्बन्धित शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

४) "गाउँ कार्यपालिका" भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्दछु ।

## परिच्छेद ३
## उद्देश्यहरु

**३. उद्देश्यहरु :**

१) खेति योग्य भूमिको अन्य प्रयोजनको लागि अतिक्रमण हुन न दिई भूमिको जगेर्ना गर्ने र खण्डिकरण गर्ने प्रवृतिलाई निरुत्साहन गर्ने

२) खेति प्रणालीलाई रुपान्तरण र विस्तार गरि रोजगारीको अवसर सिर्जना गर्ने

## परिच्छेद-४
## कार्यक्रम संचालन प्रक्रिया

**४. कार्यक्रम संचालनः** यस कार्यक्रमलाई अजिरकोट गाउँपालिका , कृषि विकास शाखाबाट संचालन गरिनेछ

५. कार्यक्रम गर्ने आधार तथा मापदण्ड :

१) आधारभूत खाद्यान्न बालि खेति गर्दै आइएको खेतियोग्य जग्गा हुनुपर्नेछ

२) न्युनतम ३ रोपनी जग्गा हुनु पर्नेछ

३) आबस तथा अन्य उद्योग को लागि प्रयोग नभइ खेति कार्य गर्न कम्तिमा ५ बर्सको प्रतिबद्तापत्र गरिएको हुनुपर्नेछ

४) सम्बन्धित वडाको सिफारिस भएको हुनुपर्नेछ

**६. आवेदन आह्वान :**

१) अनुदान कार्यक्रम संचालन गर्नका लागि अनुसूची (१) अनुरुप गाउँपालिकाले कम्तिमा ३० दिनको सार्वजनिक सूचना प्रकाशित गरि आवेदन माग गर्न सक्नेछ ।

**७. आवेदन संकलन :**

१) दफा ६ को उपदफा (१) बमोजिम सूचना प्रकासित भएपछि जग्गा धनि वा अन्य हकवालाले वडा कार्यालयमा तल तोकिए अनुसारको कागजातसहित अनुसूची २ अनुसार निबेदन दिनु पर्नेछ

क) फर्म वा संस्था भएमा प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि एक प्रति ।

ख) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि एक प्रति (PAN नं भए) ।

ग) सम्बन्धित वडा कार्यालयले कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा बिगतमा सहयोग उपलब्ध भएको भए के कति अनुदान भएको हो सोको व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र । (अनुसूची ४ अनुसार)

घ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकको अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपि ।

च) गह्रा सुधार गरिने जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ बर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि ।

छ) कार्यक्रम संचालन हुने आर्थिक बर्षको सम्पति कर तथा भुमिकर तिरेको रसिदको प्रतिलिपि ।

ज) वडा कार्यालयको कृषक बर्गिकरण फारमको प्रतिलिपि (यदि कृषक बर्गिकरण गरिएको भए) ।

झ) सम्बन्धित व्यक्ति वा फर्म वा संस्थाको तर्फ बाट अनुसूची २ अनुसारको निबेदन र अनुसूची ३ अनुसार संचालन गर्ने परियोजना सम्बन्धि प्रस्ताव ।

२) अजिरकोट गाउँपालिकामा बसोबास गर्ने व्यक्ति, कृषि तथा पशुपन्छी फर्म, माछा फर्म, कृषक समूह, कृषि सहकारी, दुग्ध सहकारी लगायत कृषि, पशु तथा मत्स्यपालक कृषकले तोकिएको समयमा आवेदन दिन सक्नेछन् ।

३) दफा ७ को उप दफा १ बमोजिम आएका आवेदनहरु गाउँपालिका कृषि शाखा मा दर्ता गराउनु पर्नेछ ।

## परिच्छेद ५
## छनौट प्रक्रिया

**८) छनौट प्रक्रिया :**

१) रित पुर्वक पेश हुन आएका आवेदकहरुको आधारमा सम्बन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा छनौट समितिले प्राथमिकीकरण गर्नेछ ।

२) **छनौट समितिः** छनौट समिति देहाय बमोजिमको हुनेछ :

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) योजाना शाखा प्रमुख - सदस्य

ग) कृषि शाखा प्रमुख - सदस्य / सदस्य सचिव

घ) सम्बन्धित वडा प्राबिधिक (कृषि) - सदस्य

ङ)पुर्वाधार शाखाको प्राविधिक - सदस्य

३) छनौट भएका आवेदनहरू स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष कृषि विकास शाखाले पेश गर्नुपर्नेछ ।

४) स्वीकृत भएका कार्यक्रमहरु सम्झौता गरि कार्यन्वयन गरिनेछ ।

**९) छनौटका आधारहरु :**

१) छनौटका आधारहरु दर्तावाल फर्म/सहकारी/कृषक समुह/कृषकको लागि अनुसूची ५बमोजिम हुनेछ ।

२) कार्यक्रम छनौट भई अनुदान प्राप्त गर्न अनुसुचि ५ बमोजिम मुल्यांकन गर्दा कम्तिमा ५० अंक प्राप्त गर्नुपर्नेछ ।

## परिच्छेद ६
## कार्यक्रम संचालन

**१०) जानकारी दिनु पर्नेः**

१) छनौट समितिबाट स्वीकृत भएका कार्यक्रमको सम्बन्धमा सम्बन्धित पक्षलाई जानकारी दिन पर्नेछ र यसको जानकारी वडा कार्यालयलाई पनि गराउन पर्नेछ

२) उपदफा १ अनुसार जानकारी दिदा पन्ध्र दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत उल्लेख गर्नुपर्नेछ

**११) सम्झौता गर्नु पर्ने :** यो कार्यविधि अनुसार गाउँपालिकाले कार्यक्रम संचालनका लागि सम्झौता गर्दा देहायको सर्तहरु समेत पालना गर्ने गरि तोकिएको समयाबधि भित्र तोकिएको ढाँचामा (अनुसूची ६ अनुसार) सम्झौता गर्नुपर्नेछ

१) उपलब्ध श्रोत साधन को प्रयोग गरि जग्गालाई सम्म बनाउन (EARTHWORK) सम्बन्धि कार्य गर्नु पर्नेछ र सोहि कार्य अनुसार प्राविधिकले इस्टमेट गरि बडीमा रु ५०,०००/- भुक्तानी गरिनेछ

२) गह्रा सुधार गर्नु पूर्व र गह्रा सुधार गरि सके पछि उक्त गह्राको फोटो संकलन गर्नुपर्दछ

३) खेति योग्य भूमिको जगेर्ना र अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिने सुनिस्चित गर्नुपर्नेछ

४) गह्रा सुधार कार्यक्रम संचालन गरिएको जमिनमा कृषि उत्पादन र उत्पादकत्व बृद्दिका साथै एक बर्ष भित्र कम्तिमा दुई बालि लगाउने सर्त मन्जुर गरिएको हुनुपर्नेछ

## परिच्छेद ७
## भुक्तानी प्रक्रिया

**१२) अनुदान रकम र भुक्तानी प्रक्रियाः**

१) कार्यक्रम संचालनको लागि स्वीकृत भए बमोजिम अनुदान रकम/सामाग्री प्रदान गरिनेछ । अनुदान बाहेकको थप श्रोत आवेदक आफैले ब्यबस्थापन गरि कार्यक्रम संचालन गर्नुपर्नेछ ।

२) उपदफा १ बमोजिम अनुदान रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

क) वडा कार्यालयको आन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति

ख) वडा स्थारिय अनुगमन प्रतिबेदनको सक्कल प्रति

ग) आवास्यक बिल भरपाई

घ) अनुदान कार्यक्रम संचालन भएको स्थान को फोटो ३ प्रति

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि

च) भुक्तानीको लागि निबेदन

**१३) अनुगमनः**

१) संचालित कार्यक्रमको गाउँपालिका, वडा कार्यालय तथा कृषि विकास शाखाले अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

**१४) भुक्तानी दिन बाध्य नहुने** :

१) सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।

२) सम्झौता गरेको आर्थिक बर्ष भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन ।

## परिच्छेद-८

## विविध

१५) **बाधा अड्काउ फुकाउ :** यस कार्यविधि कार्यन्वयनको सम्बन्धमा कुनै दुबिधा भएमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ |

१६) **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ |

१७) **संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ |

१८) ) **खारेजी र बचाऊ** :

१८.१ यस दफा अनुसार गह्रा सुधार कार्यक्रम कार्यविधि २०७८ खारेज गरिएको छ ।

१८.२ कृषि तथा पशुपन्छी अन्तर्गत गह्रा सुधार कार्यक्रम कार्यविधि २०८२ अनुसार गरेका कामकारबाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

# अनुसूची - १

## कृषि विकास शाखा ,अजिरकोटको कृषि कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको

सूचना सूचना सूचना!!!

## प्रथम पटक प्रकाशित मिति :

यस अजिरकोट गाउँपालिकाको आ .व. २०८२ /०८३ को बार्षिक स्वीकृत निशर्त तर्फको कार्यक्रम अनुसार गह्रा सुधार कार्यक्रममा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा अजिरकोट गाउँपालिका भित्रका कृषक , निजि फर्म ,कृषक समूह तथा कृषि सहकारीबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कृषि शाखा वा वडा कार्यालयमा तपशिल अनुसारका कागजात संलग्न गरि आवेदन पेश गर्न हुन अनुरोध छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्ताबहरु छनौटका लागि समाबेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ । प्रस्ताबपत्र र संक्षिप्त ब्यबसायिक कार्ययोजनाको ढांचा कृषि विकास शाखा वा वडा कार्यालय बाट प्राप्त गर्न सकिनेछ ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

- रु १० को टिकट टाँसेको निबेदन
- आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र
- वडा कार्यालयको सिफारिस
- जग्गा धनि प्रमाणपत्र को प्रतिलिपि वा भाडामा लिएको खण्डमा जग्गा धनिसंग गरेको सम्झौताको प्रतिलिपि
- समूह र सहकारीको हकमा कार्यसमिति बैठकले कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि

# अनुसूची २

## निवेदन को ढांचा

श्री कृषि शाखा प्रमुख ज्यु,
अजिरकोट गाउँपालिका, भच्चेक गोरखा

बिषयः गह्रा सुधार कार्यक्रममा प्रस्ताब पेश गरिएको सम्बन्धमा

अजिरकोट गाउँपालिकाको मिति ...... मा प्रकाशित सूचना अनुसार यस/म ............................... ले गाउँपालिकाको सहयोगमा गह्रा सुधार कार्यक्रम संचालनका लागि सुचनामा तोकिए बमोजिमका कागजात संलग्न राखी अनुसूची ३ बमोजिमको विवरण खुलाई यो दरखास्त पेश गरेको/ गरिएको छु/छ

गह्रा सुधार कार्यक्रम संचालन कार्यविधि - २०८२ र अन्य प्रचलित कानुन बमोजिमका सर्तहरु पालना गर्न मन्जुर छु/छौ

निवेदक :

# अनुसुचि ३

## प्रस्ताव-पत्र

१.आवेदक र सम्पर्क व्यक्ति सम्बन्धि विवरण :

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| आवेदक संस्थाको किसिम (कुनै एकमा चिन्न लगाउने) | १. कृषक समूह<br>२. सहकारी<br>३. दर्तावाल फर्म<br>४. कृषक |
| प्रोपाइटर वा अध्यक्षको नाम | |
| संस्था दर्ता भएको मिति | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रस्तावित कार्यक्रमको कुल खर्च ( अनुदान र अनुदान ग्राहिको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भैरहेको भए, कुन संस्थाबाट के उद्देस्यको लागि वित्तिय सहयोग प्राप्त गर्नु भएको, खुलाउनुहोस | |
| आ.व २०७६/७७, २०७७/७८ मा अजिरकोट गाउँपालिका वा अन्य कुनै निकायबाट अनुदान प्राप्त गरेको भए सो को विवरण | |

२. हालको व्यावसायिक विवरण :

| क,स, | व्यवसाय | क्षेत्रफल् वा संख्या | उत्पादन परिमाण | उत्पादन मूल्य | प्रविधि प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३.क्रियाकलापको विवरण

| क.स. | कार्यक्रम | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# अनुसूची-४

सम्बन्धित वडाको सिफारिस पत्र

श्री कृषि विकास शाखा प्रमुख ज्यु

अजिरकोट गा पा, भच्चेक, गोरखा

बिषयः सिफारिस गरिएको बारे

तहाँ शाखाको मिति ...................... मा प्रकाशित सूचना अनुसार .......................... कृषक/ समूह/ सहकारी ले अजिरकोट गा.पा. वडा न. .......... को ............ रोपनी क्षेत्रफल भएको जग्गामा गह्रा सुधार कार्यक्रम संचालनको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्नेको

नामःपदः

दस्तखतः

मिति :

# अनुसूची ५

## अजिरकोट गाउँपालिका ,कृषि विकास शाखाको गह्रा सुधार कार्यक्रमको

## मुल्यांकन तथा मापदण्ड

कृषक वा समूह को नामः

ठेगानाः

सम्पर्क न.ः

| क.स. | मूल्यांकनको आधार | अधिकतम अंक | मापदण्ड र प्रदान गनय सहकने अंक | प्राप्तांक |
|---|---|---|---|---|
| १) | जग्गाको क्षेत्रफल | २० | न्युनतम १० रोपनी क्षेत्रफलको लागी १० अंक र प्रति २ रोपनी थप क्षेत्रफलका लागी थप १ अंकका दरले | |
| २) | जग्गाको अवस्थिति | ४० | समथर (भरालोपन ०-५ डग्री) ४० अंक<br>कम भरालो(भरालोपना ५-१० डगी सम्म) २५ अंक<br>बढी भरालो(१० डग्री भन्दा माथी) ५ अंक | |
| ३) | बाटो | १० | मोटर बाटो भएको १० अंक | |

| | | | | |
|---|---|---|---|---|
| | | | मोटर बाटोको सम्भावना भएको ५ अंक | |
| ४) | सिंचाई | १० | बाह्रै महिना सिंचाईको स्रोत भएको १० अंक<br>आंशिक सिंचाई ५ अंक | |
| ५ | भौगोलिक र वातावरणीय उपयुक्तता | १० | उत्तम वातावरण - १० अंक<br>सन्तोषजनक- ५ अंक | |
| ६ | जग्गाको संरक्षण तथा दिगोपन | १० | उत्तम स्तरको योजना पेश गरेको - १० अंक<br>मध्यम स्तरको योजना पेश गरेको - ५ अंक<br>पेश नगरेको - ० | |

द्रस्तब्य:

माथि उल्लेखित मापदण्डको आधारमा ५० वा शो भन्दामाथि अंक ल्याउने प्रस्ताबहरुलाई मात्र छनौट गरिनेछ।

पेश गर्ने:                                             प्रमाणित गर्ने :

# अनुसूची - ६
# सम्झौता

अजिरकोट गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार गह्रा सुधार कार्यक्रम संचालन गर्न अजिरकोट गाउँपालिका, कृषि विकास शाखा (यस पछि प्रथम पक्ष भनिने) र श्री ............................................. (यस पछि दोश्रो पक्ष भनिने) बीच तपशिल बमोजिमका सर्तहरु पालना गर्ने गरि दुपक्षीय सम्झौता गरिदियौ / लियौ

१) यो सम्झौता भएको मितिबाट लागु हुनेछ . प्रथम पक्षले कार्यक्रमको लागि स्वीकृत गरेको रकम बापत

५ प्रतिसत रकम कन्टिनजेन्शी र अन्य प्रचलित कानुन अनुसार कट्टी गर्नुपर्ने रकम कट्टी गरि कार्य सम्पन्न प्रतिबेदनको आधारमा भुक्तानी गरिनेछ

२) उपलब्ध श्रोत साधन को प्रयोग गरि जग्गालाई सम्म बनाउन (EARTHWORK) सम्बन्धि कार्य गर्नु पर्नेछ र सोहि कार्य अनुसार प्राविधिकले इस्टमेट गरि बढीमा रु ५०,०००/- भुक्तानी गरिनेछ

३) दोश्रो पक्षले कम सम्पन्न गरि भएको कामको नियमअनुसार भ्याट बिल अथवा अन्य बिल (यदि भएमा) सहित कार्य सम्पन्न भएको स्थलगत प्राबिधिक प्रतिबेदन पश्चात दोश्रो पक्षको बैंक खातामा एकमुस्ट रुपमा भुक्तानी गरिनेछ

४) गह्रा सुधार गर्नु पूर्व र गह्रा सुधार गरि सके पछि उक्त गह्राको फोटो संकलन गर्नुपर्दछ

५) गह्रा सुधार कार्यक्रम संचालन भएको जग्गामा कम्तिमा १ रोपनी भन्दा कम क्षेत्रफलको कित्ताकाट गर्न पाईनेछैन

६) खेति योग्य भूमिको जगेर्ना र अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिने सुनिस्चित गर्नुपर्नेछ

७) गह्रा सुधार कार्यक्रम संचालन गरिएको जमिनमा कृषि उत्पादन र उत्पादकत्व बृद्दिका साथै एक बर्ष भित्र कम्तिमा दुई बालि लगाउने सर्त मन्जुर गरिएको हुनुपर्नेछ
८) दोश्रो पक्षले सम्झौता भएको मितिले १५ दिन भित्र गह्रा सुधार सम्बन्धि कार्य सुरु गरि सक्नुपर्नेछ. यस अबधि मा कार्य प्रारम्भ नभएमा सम्झौता रद्द गरिनेछ. कार्य प्रारम्भ भएको मितिले ........... महिना भित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ
९) यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यस मा उल्लेख न भएका नियमहरु प्रचलित नियम कानुन बमोजिम हुनेछ.

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| नाम : | नाम : |
| पदः | पदः |
| संस्थाको नाम / छाप : | संस्थाको नाम / छाप : |
| मिति : | मिति : |

**प्रमाणिकरन मितिः २०८२|०६|२८**

**आज्ञाले**
**रचना बुढाथोकी**
**प्रमुक प्रशासकीय अधिकृत**